# 多言語情報コーナー　　　　　　　　　（令和７年　２月号）

## (१) तोचिगी नगरले जे-लीग फूटबल टोली स्थापना गर्ने बारे जानकारी !

तोचिगी नगर फूटबल क्लब, तोचिगी नगरलाई होमटाउनको रूपमा गतिविधी गर्ने एक पेशेवर फूटबल टोली हो। यो टोली जापान फूटबल लीग (JFL) संग सम्बद्ध छ र गत सिजन यो टोलीले पहिलो पटक JLF जितेर J3 मा बढुवा भएको थियो। यो सिजन देखि जे-लीग टोलीको रूपमा नयाँ शुरूवात गर्नेछ।
नयाँ चरण "J3" मा पनि स्थानिय समुदायमा टोलीको अस्तित्व प्रिय भएर, यो टोलीले धेरै मानिसहरुलाई "सपना" र "उत्साह" प्रदान गर्नेछ भन्ने, थप प्रगतिको अपेक्षा गरिएको छ।
टोलीको होम-टाउनको हैसियतले पनि तोचिगी नगरले टोलीलाई सहयोग गर्नेछ र खेलकूद मार्फ़त नगरवासीहरुको स्वास्थ्य सुधार तथा युवाहरुलाई हुर्काउने जस्ता पहलहरुलाई प्रवर्द्धन गर्न टोली संग मिलेर काम गर्नेछ।
यहि फेब्रुअरी महिनामा, प्राथमिक विद्यालयका विद्यार्थीहरुका लागि तोचिगी नगरका पेशेवर खेलाड़ीहरुद्वारा सिकाईने फूटबल कक्षा हुनेछ।
यो सिजनको खेल तालिका, फेब्रुअरीको मध्यदेखि नोभेम्बर महिना सम्म जम्मा ३८ खेलहरु मध्ये १९ घरेलु खेलहरु हुनेछन्। घरेलु खेल संचालन गरिने स्थल, इवाफुने माचि मियाको सिटी फूटबल स्टेशन चाँही, खेल मैदान र दर्शक दीर्घा (ग्यालरी) नजिक भएकोले, खेल्दै गरेका खेलाड़ीहरुलाई अझ नजिक महसुस गर्न र रोमान्चक अनुभवको आनन्द लिन सकिन्छ।
रंगशाला भित्र फूड़ कोर्ट, किचेन्-कार र पेय पदार्थका पसल पनि हुने हुनाले, खानपिन गर्दै खेलको आनन्द लिन सकिन्छ।
खेल शुरू हुनु अगाड़ी, दर्शकहरुलाई मनोरञ्जन दिने कार्यक्रमहरू पनि हुनेछन्।
तोचिगी नगरलाई समर्थन गर्न रंगशालामा जाने होईन ?

## (२) स्थानीय रियुज गतिविधिहरू बारे जानकारी !

नचाहिने भएका घरेलु विद्युतीय उपकरणहरु र फर्निचरहरु "फ्याँक्नु" को सट्टा, तिनीहरूलाई "रियुज (पुनः प्रयोग)" गर्ने बारे सोच्नु पर्ने बिषय छ। यस्ता वस्तुहरूको पुन: प्रयोगले शहरले फाल्नु पर्ने फोहोरको मात्रा पनि घटाउन मद्दत पूर्याऊँछ।

स्थानीय क्षेत्रमा पुन: प्रयोग गतिविधिहरू सञ्चालन हुने केही ठाउँहरू निम्न प्रकार छन्:

तोचिगी क्लीन प्लाजामा, हरेक दिन विभिन्न प्रकारका फोहोरहरू ल्याइन्छ, तर त्यस भित्र धेरैजसो सामानहरु अझै पनि प्रयोगयोग्य हुन्छन् । त्याहाँ, सामानहरूको मूल्याङ्कन गर्ने भावना जगाएर फोहोर न्यूनीकरणको बारेमा जागरूकता बढाउनका लागि, मर्मत गर्न मिल्ने वस्तुहरू नवीकरण गरेर, चिट्ठा प्रणालीबाट बिक्री गर्ने काम भईरहेको छ। मुख्य पुनर्नवीनीकरण गरिएका वस्तुहरू साइकल, कुर्सी, टेबल, दराज र फर्निचरहरु रहेकाछन्।

क्लीन प्लाज़ामा पुनर्नवीनीकरण गरिएका वस्तुहरू प्रदर्शनमा राखिएका हुन्छन्। जोड़ संख्या भएको महिना (जस्तै २,४,६ को महिना) को १ देखि १५ तारीख़को बिचमा आफूले चाहेको वस्तुहरूको लागि आवेदन दिनु पर्दछ। त्यस्ता जोड़ महिनाको १६ तारीख़ पछि आयोजना गरिने चिट्ठामा विजयी भएमा उक्त पुनर्नवीनीकरण वस्तु खरिद गर्न सकिन्छ ।

तोचिगी नगर समाज कल्याण परिषद्ले, चाँडै सानो भईहाल्ने बालबालिका लुगाको दान स्वीकार गरेर रिसाइकल बिक्री गरिरहेको छ। यो प्रत्येक महिनाको पहिलो मंगलबार तोचिगी नगर समाज कल्याण परिषद्को निशिकाता शिस्योमा आयोजना गरिन्छ। यसरी बिक्री गरिने मुख्य वस्तुहरू बालबालिकाका लुगा र खेलौनाहरु हुन्।

चुगा कम्युनिटी सेन्टरले स्नातक (कक्षा उत्तीर्ण) गरेकाहरुको वा लगाउनको लागि धेरै सानो भएका पोशाकहरू स्वीकार गर्ने र खाँचो परेका मानिसहरूलाई प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिरहेको छ। यसरी जम्मा गरिने वस्तुहरुमा, मुख्यतया स्कूले पोशाक, जिम लुगा (व्यायाम गर्दा लगाईने ड्रेस), वाई-शर्ट, आदि हुन्।

यस बाहेक, धेरै अनावश्यक वस्तुहरू जम्मा भएको बेला आदिमा, ठाऊँ-ठाऊँमा आयोजना गरिने स्थानीय फ्ली मार्केटमा भाग लिएर, खाँचो परेका व्यक्तिहरुलाई प्रदान गर्नु पनि फोहोर घटाउने अर्को विकल्प हो। बिक्री हुन्नहोला भन्ने सोच्दै फ्ली मार्केटको ईभेण्टमा एउटा स्टल राखेर हेर्दा सबै बिक्री हुन पनि सक्छ। अनि फ्ली मार्केटको ईभेण्टमा जाँदा त्याहाँ अन्य कुनै अप्रत्याशित वस्तुहरू भेट्न पनि सकिन्छ।

## (३) सन् २०२४ सालको काकुतेइ शिङ्कोकु (अन्तिम कर रिटर्न) बारे जानकारी !

यो तोचिगी कर कार्यालयबाटको सूचना हो।
आयकर, व्यक्तिगत उपभोग कर र उपहार करको लागि निम्न कर रिटर्न फाइल गर्ने स्थलहरू खोलिनेछन्।
यो अवधि (शनिबार, आइतबार र सार्वजनिक बिदा बाहेक) फेब्रुअरी १७ देखि मार्च १७ तारीख़ सम्म हो। कर रिटर्न फाइल गर्ने स्थल तोचिगी-शि कातायानागी-च्योउ २-च्योउमेमा रहेको तोचिगी स्योउकोउ काइगीस्यो दाई हो-रु (चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीको ठूलो हल) हो।
यस अवधिमा, तोचिगी कर कार्यालय भवनमा कर रिटर्न परामर्श उपलब्ध हुनेछैन।
परामर्श दर्ता बिहान ८:३० बजेदेखि ४ बजेसम्म उपलब्ध छ। परामर्श बिहान ९ बजे सुरु हुन्छ।
कर रिटर्न फाइल गर्ने ठाउँमा प्रवेश गर्न, नम्बर भएको प्रवेश टिकट चाहिन्छ, जुन निम्न माध्यमबाट जारी गर्न सकिन्छ।
१) राष्ट्रिय कर एजेन्सीको लाइन आधिकारिक एकाउण्ट मार्फत अनलाइनमा अग्रिम रूपमा जारी गरिएको प्रवेश टिकट।
२) सोही दिन कार्यक्रम स्थलमा वितरण गरिने टिकट। प्रवेश टिकटको वितरणको आधारमा ४:०० बजे अघि नै परामर्श बन्द हुन सक्छ। आफ्नो प्रवेश टिकट अनलाइनबाटै पहिले नै प्राप्त गर्न सिफारिस गरिन्छ।
कर रिटर्न फाइल गर्ने स्थानहरूमा, परामर्शहरू तपाईंको माई नम्बर कार्ड प्रयोग गरेर स्मार्टफोन मार्फत गरिएका आवेदनहरूमा आधारित हुन्छन्। कृपया आफ्नो माई नम्बर कार्ड ल्याउनुहोस्।
स्मार्टफोन आवेदनको लागि आवश्यक वस्तुहरुमा, स्मार्टफोन, माई नम्बर कार्ड, माई नम्बर कार्डको पासवर्ड २ ओटा, (१) हस्ताक्षरको लागि इलेक्ट्रोनिक प्रमाणपत्रको पासवर्ड (अक्षरांक ६-१६ वर्णहरू), र (२) प्रयोगकर्ता प्रमाणीकरणको लागि इलेक्ट्रोनिक प्रमाणपत्रको पासवर्ड (संख्यात्मक ४ अंक) हुन्।
कर रिटर्न फाइल गर्ने स्थलहरूमा, घरमा तयार पारिएको कर रिटर्नमा रकम जाँच वा कागजी कर रिटर्न तयार गरिने छैन। कृपया ई-ट्याक्स मार्फत वा हुलाक मार्फत बुझाउनुहोला।